# समर्थन पत्र: Joe Biden, राष्ट्रपति र Kamala Harris, उपराष्ट्रपति

***Joe Biden लाई United States को राष्ट्रपति र Kamala Harris लाई उपराष्ट्रपतिका रूपमा समर्थन गर्न पाउँदा Voice for Refuge गर्व महसुस गर्छ***

लामो समयसम्म Delaware का सिनेटर रहेका र Barack Obama राष्ट्रपति हुँदा उपराष्ट्रपति रहेका Joe Biden सम्भवतः हाम्रो जीवनकालको सबभन्दा महत्त्वपूर्ण रहेको यो चुनावमा डेमोक्रेटिक पार्टीका तर्फबाट उम्मेदवार हुन् । **राष्ट्रपति Trump को पालामा शरणार्थीहरू आक्रमणमा परेका छन् ।** मुस्लिम, अफ्रिकी, शरणार्थी, आप्रवासी र शरण लिनेहरूलाई गरिएको रंगभेद र मुस्लिमलाई घृणा गर्ने नियतबाट गरिएको निषेधदेखि लिएर शरणार्थी प्रवेशमा 80% कटौती गर्ने र सीमामा बालबालिकालाई आफ्ना आमाबुबाबाट अलग गर्ने असह्य कार्यसम्म गर्ने Trump शरणार्थीलाई बाहिर राख्ने र उनीहरूको अधिकार मास्ने कार्यमा अनियन्त्रित भएर लागेका छन् । यो मानव करुणामा हुने आधारभूत गुणहरूको असाधारण उल्लङ्घन हो । शरणार्थीको जीवन कस्तो हुन्छ भन्ने कुरा र अभियोग लागेर देश छाडेका मानिसहरूले सुरक्षा प्राप्त गर्ने कुरा महत्त्वपूर्ण नैतिक मुद्धा हुन् जसको आधारमा हामीले कस्ता उम्मेदवारलाई समर्थन गर्ने भन्ने कुराको निर्धारण गर्नु पर्छ ।

Joe Biden का अहिलेसम्मका रेकर्ड, उनका विश्वदृष्टि र चुनावी अभियानका वाचाहरू Trump का भन्दा ठ्याकै विपरित छन् । शरणार्थीहरूप्रति Biden को प्रतिबद्धता दशकौं अघिदेखिको हो । उनी अमेरिकामा शरणार्थी पुनर्वास र शरण प्रणालीको स्थापना गर्ने शरणार्थीसम्बन्धी विधेयक 1980 का मूल सहप्रायोजक थिए ।[i] Biden ले अमेरिकाको अन्य व्यक्तिलाई स्वागत गर्ने विरासतको पुनर्स्थापना र पुनर्निर्माण गर्ने प्रतिज्ञा गरेकाले शरणार्थी सुरक्षाका लागि उनले गर्ने गरेको वकालत र जोश आजसम्म पनि उनीसँग रहेको कुरा स्पष्ट छ,।

Trump ले मुस्लिम, अफ्रिकन, शरणार्थी, आप्रवासी र शरणमाथि लगाएका निषेधलाई[ii] रद्द गर्ने विधानहरू Biden ले समर्थन गर्छन् र Biden को प्रशासनले शरण लिन खोज्ने परिवारको सुरक्षा गर्ने छ ।[iii] Trump ले शरणार्थीहरूको प्रवेशमा कटौती गरेर इतिहासकै कम 18,000 मा झारेका छन् भने Biden ले अमेरिकामा शरणार्थीको प्रवेश 125,000 सम्म पुर्याउने लक्ष्य लिएका छन् । यसले ऐतिहासिक मान्यता र विश्व इतिहासकै खराब विस्थापन सङ्कटको सम्बोधन गर्छ ।[iv] यो प्रतिबद्धता Obama प्रशासनले अंगीकार गरेको 110,000 प्रवेश भन्दा राम्रो हो र यसले वर्षौंसम्म छुट्टिएर बसेका परिवारको पुनर्मिलन गराउने छ ।[v]

# मुद्धाहरूका विषयमा: Joe Biden भर्सेस Donald Trump

| मुद्दा | Donald Trump | Joe Biden |
| --- | --- | --- |
| **शरणार्थी पुनर्वास** | उनले शरणार्थी प्रवेशमा 80% कटौती गरेर 18,000 पुर्याए जुन इतिहासकै कम हो । उनले शरणार्थी पुनर्वास कार्यक्रम रद्द गरे, परिवारलाई एकार्काबाट अलग गरेर मानिसहरूलाई खतराको बाटोमा छोडे ।[vi] | उनले शरणार्थी विधेयक 1980 को सहप्रायोजन गरे जसले पुनर्वास कार्यक्रम सिर्जना गर्यो । उनी अब उक्त कार्यक्रम पुनर्स्थापना गर्ने छन् र वार्षिक रूपमा 125,000 शरणार्थीहरू स्वागत गर्ने छन् ।[vii] |
| **मुस्लिमलाई प्रतिबन्ध, अफ्रिकीलाई प्रतिबन्ध, शरणार्थीलाई प्रतिबन्ध, आप्रवासीलाई प्रतिबन्ध, शरण लिन प्रतिबन्ध** | उनले यस्ता अनैतिक र उग्रराष्ट्रवादी प्रतिबन्धहरू[viii] लगाए जसले गर्दा परिवारहरूको विछोड भयो र उनले यस्ता प्रतिबन्ध कार्यान्वयन गर्न रोक्ने अदालतका आदेशहरूको ठाडो उपेक्षा गरे । | उनले यस्ता प्रतिबन्धका विरुद्धमा बोलेका छन् र ती प्रतिबन्ध फुकुवा गर्ने प्रतिवद्धता गरेका छन् ।[ix] उनी रंगभेदी र उग्रराष्ट्रवादी नीतिहरूले असर गरेका मानिसका कुरा सुन्ने सत्रहरूको आयोजना गर्ने गर्छन् । |
| **शरण खोजिरहेका परिवार तथा व्यक्तिहरू** | उनी सुरक्षा माग्ने मानिसहरूलाई फिर्ता पठाउँछन्, बालबालिकाहरूलाई आफ्ना आमाबुबाबाट अलग गर्छन् र शरण माग्नेहरूलाई दयनीय अवस्थामा रोकेर राख्छन् जसका कारण उनीहरूको ज्यान सेमत जाने गरेको छ, [x] बलपूर्वक नसबन्दि[xi] र शोसण गरेको आरोप लागेको छ | उनी शरणार्थीहरूलाई स्वागत गर्ने छन्, परिवारको पुनर्मिलन गराउने छन्, समुदायमा आधारित हिरासतको विकल्पमा लगानी गर्ने छन् र अमेरिकाको शरण प्रणालीमा नैतिकता र समानताको पुनर्स्थापना गर्ने छन् |
| **राज्य र स्थानीय तहमा शरणार्थी पुनर्वासमाथि प्रतिबन्ध** | उनले राज्य तथा स्थानीय तहहरूले शरणार्थीलाई अस्विकार गर्न पाउने कार्यकारी अधिकारमा हस्ताक्षर गरे (जसलाई भाग्यवस एक अदालतले अस्थायी रूपमा रोकेको छ)[xii] | उनी शरणार्थीमाथि हुने विभेदलाई अस्विकार गर्ने छन् र शरणार्थीलाई सहयोग गर्न राज्य र स्थानीय तह र उनीहरूलाई स्वागत गर्ने समुदायहरूसँग समन्वय गर्ने छन् । |
| **अस्थायी सुरक्षात्मक स्थिति (TPS)** | उनले TPS धारी 300,000 भन्दा बढी देशका नागरिकहरूको सुरक्षा अन्त्य गरे र उनीहरूलाई असुरक्षित अवस्थामा फर्कन बाध्य पारे । अदालतले केही TPS धारीहरूलाई (सबैलाई होइन) जोगाएको भए पनि, Trump ले निरन्तर TPS माथि आक्रमण गरिरहेका छन् । | उनले TPS र Deferred Enforced Departure (DED) को पुनर्स्थापना र विस्तार गर्ने छन् जसले वातावरण र मानवनिर्मित सङ्कटबाट पीडित व्यक्तिहरूको रक्षा गर्ने छन् र यसले गर्दा उनीहरू आफ्नो परिवार र समुदायसँग बस्न पाउने छन् । |
| **अमेरिका आउन चाहने तथा बाल्यावस्थामा अमेरिकामा आउने व्यक्तिलाई कारबाहीमा ढिलाइ गर्ने नीति (Deferred Action for Childhood Arrivals, DACA)** | DACA प्राप्त गर्नेहरूलाई संरक्षण गर्ने अदालतको आदेशका वावजुद उनले DACA को अन्त्य गर्ने प्रयास गरेका छन् । यसबाट कागजात नभएका युवालाई फिर्ता पठाउने छ । | उनले DACA को संरक्षण गर्ने प्रतिबद्धता गरेका छन् जसले गर्दा कागजात नभएका युवाहरू अमेरिकामा रहन पाउने छन् र यसले उनीहरूको परिवारलाई पनि सुरक्षा प्रदान गर्ने छ । |
| **शरणार्थी, शरण माग्नेहरू र अन्य आप्रवासीका सम्बन्धमा भनाईहरू** | उनले अमानवीय र उग्रराष्ट्रवादी भनाइहरूको प्रयोग गर्छन्, जस्तै : "हामी यी सबै मानिसहरूलाई हाम्रो देशमाथि आक्रमण गर्न दिन सक्दैनौं । जब कोहि भित्र आउँछ, हामीले बिना कुनै न्यायधिश र अदालती मुद्धा बिना नै, उनीहरूलाई जहाँबाट आएका हुन् त्यहीं तुरुन्त फिर्ता पठाउनु पर्छ ।"[xiii] | उनी आप्रवासीहरूलाई अमेरिकाको शक्तिको रूपमा लिन्छन्: "यस विश्व शरणार्थी दिवसका अवसरमा हामी सबै एकसाथ उभिनु पर्छ र अझ समावेशी र स्वागत गर्ने अमेरिकाको निर्माण गर्ने प्रतिबद्धता गर्नु पर्छ । यसरी हामी हाम्रो राष्ट्रको आत्माको पुनर्स्थापना गर्ने छौँ ।"[xiv] |
| **श्रेणी** | **शरणार्थी विरोधी अतिवादी** | **शरणार्थीको समर्थन गर्ने नेता** |

# मुद्धाहरूको विषयमा: Kamala Harris भर्सेस Mike Pence

| मुद्दा | Mike Pence | Kamala Harris |
|---|---|---|
| **शरणार्थी पुनर्वास** | धार्मिक उत्पीडनबाट भागेकाहरूको पक्ष लिने दावी गरे पनि उनी Trump को शरणार्थी प्रवेशमा कटौती गर्ने कार्यको समर्थन गर्छन् । Trump ले अमेरिकामा पुनर्वास भएका धार्मिक अल्पसंख्यकहरूको सङ्ख्यामा अहिलेसम्मकै सबभन्दा कम हुने गरी कटौती गरेका छन् ।[xv] | उनी Trump को शरणार्थी प्रवेशमा कटौती गर्ने कार्यको विरोध गर्छिन् र उनले अझ बढी शरणार्थीको पुनर्वास गर्ने गरी थुप्रै सिनेटरले हस्ताक्षर गरेको चिठी लेखिन् ।[xvi] उनले सिनेटरका रूपमा आफ्नो पहिलो भ्रमणका रूपमा सिरियन शरणार्थीलाई भेटिन् ।[xvii] |
| **मुस्लिमलाई प्रतिबन्ध, अफ्रिकनलाई प्रतिबन्ध, शरणार्थीलाई प्रतिबन्ध, आप्रवासीलाई प्रतिबन्ध, शरण लिन प्रतिबन्ध** | यस्ता अनैतिक र उग्रराष्ट्रवादी नीतिहरूको समर्थन गर्छन् र गभर्नरका रूपमा Indiana मा सिरियन शरणार्थीहरूमाथि प्रतिबन्ध लगाउने प्रयास गरेका थिए ।[xviii] | उनी यस्ता अनैतिक प्रतिबन्धहरूको विरोध गर्छिन्, यिनलाई रद्द गर्ने विधानहरूको सहप्रायोजन गरेकी छिन् र यिनको अन्त्य गर्न Biden को सहयोग गर्ने छिन् ।[xix] |
| **शरणार्थीका आवाज र चासो सुन्ने र उत्थान गर्ने** | उनी अन्य मुलुकभन्दा राम्रो जीवनको खोजी गर्ने मानिसहरूको अपमान गर्ने र उनीहरूको आवाज र चासो नसुन्ने Trump प्रशासनको शैलीको समर्थन गर्छन् । | उनी California को AG हुँदा र अमेरिकी सिनेटमा रहँदा जसरी शरणार्थी र शरण माग्ने व्यक्तिहरूको आवाज र चासो सक्रिय रूपमा सुन्ने गर्थिन् त्यसरी नै सुन्न जारी राख्ने छिन् ।[xx] |
| **अमेरिका आउन चाहने तथा बाल्यावस्थामा अमेरिकामा आउने व्यक्तिलाई कारबाहीमा ढिलाइ गर्ने नीति (Deferred Action for Childhood Arrivals, DACA)** | उनले Dream Act को विरुद्धमा मतदान गरेका थिए र DACA को अन्त्य गर्न र कागजात नभएका युवालाई फिर्ता पठाउन Trump प्रशासनसँग मिलेर काम गरेका छन् ।[xxi] | उनले Dream Act को समर्थन गर्छिन् र DACA को संरक्षण गर्न र उनीहरूको परिवारलाई सुरक्षा प्रदान गर्न Joe Biden लाई सहयोग गर्ने छिन् । |
| **श्रेणी** | **शरणार्थी विरोधी अतिवादी** | **शरणार्थीको समर्थन गर्ने नेता** |

उपराष्ट्रपतिका लागि Biden की चुनावी साथी Kamala Harris पनि शरणार्थीहरूका समर्थक हुन् । Harris India र Jamaica का आप्रवासीहरूकी छोरी हुन् र उनले California को महान्यायाधिवक्ता र एक अमेरिकी सिनेटरका रूपमा आफू र आफ्नो कार्यालयलाई शरणार्थीका लागि उपलब्ध बनाएकी छिन् । Harris शरणार्थीको समर्थनमा निकालिएका विरोध कार्यक्रम, र्‍याली, जागरण कार्यक्रमहरूमा उपस्थित हुँदै थुप्रै शरणार्थी, शरण माग्ने र अन्य आप्रवासीलाई व्यक्तिगत रूपमा भेटेकी छिन् र उनीहरूसँग रहेर कसरी उनीहरूको वकालत गर्ने भन्ने कुरा खोज्ने प्रयास गरेकी छिन् । उनले शरणार्थीको हितमा रहेका पाँच विधानहरूको सहप्रायोजन गरेकी छिन् र शरणार्थीको समर्थनमा थुप्रै चिठी लेखेकी छिन् जसमध्ये उनले शरणार्थी पुर्नवास घटाउने Trump का कदमको बिरोध गर्दै लेखेको र अरु सिनेटरहरूलाई पनि हस्ताक्षर गर्न प्रोत्साहन गरेको चिठी पनि रहेको छ ।[xxii] Harris ले शरण माग्ने बालबालिका र वयस्कहरूलाई कानुनी सेवा प्रदान गर्ने विधानमा पनि सहभागी भएकी छिन् ।[xxiii] Harris Trump को मुस्लिम, अफ्रिकी , शरणार्थी, आप्रवासी र शरणमाथि प्रतिबन्ध लगाउने कदमको पनि प्रखर विरोधी हुन् र उनले थप शरणार्थी पुनर्वासको माग गरेकी छिन् र उत्पीडनबाट भागेका मानिसहरूको स्वागत गर्नु अमेरिकाको ठूलो जिम्मेवारी हो भनेकी छिन् ।[xxiv]

यसको विपरित Trump का उपराष्ट्रपति Mike Pence को शरणार्थीसम्बन्धी लज्जास्पद रेकर्ड रहेको छ । गभर्नरका रूपमा Pence ले Indiana मा सिरियाली शरणार्थीको पुनर्वास रोक्ने कार्यकारी आदेशमा हस्ताक्षर गरे । यसले "स्पष्ट रूपमा राष्ट्रिय

मूलका सम्बन्धमा विभेद गरेको छ” भनेर एक सङ्घीय न्यायधीशले यसबारे फैसला गरेका थिए ।[xxv] Trump / Pence प्रशासनले शरणार्थी पुनर्वास कार्यक्रमलाई ध्वस्त पारेको छ र रंगभेदी र इस्लामको घृणा गर्ने बोली र नीतिहरूमा संलग्न रहेको छ जसले शरणार्थीमाथि नराम्रो असर गरेको छ र हाम्रा शरणार्थी, मुस्लिम र आप्रवासी छिमेकी विरुद्धको घृणा अपराध दरलाई बढाएको छ । Pence ले आफू धार्मिक उत्पीडनबाट भागेका मानिसहरूको चिन्ता गर्ने व्यक्तिका रूपमा दावी गरे पनि उनले शरणार्थी प्रवेशमा कटौती गर्ने कार्यको पूर्ण रूपमा समर्थन गरेका छन् । Trump / Pence प्रशासनमा अमेरिकामा पुनर्वास हुने धार्मिक अल्पसंख्यकहरूको सङ्ख्या अहिलेसम्मकै कम रहेको छ । उपराष्ट्रपतिको रूपमा Harris Pence शरणार्थी विरोधी कदमको शक्तिशाली खण्डनकर्ताका रूपमा रहने छिन् । उनी र Biden शरणार्थीको पक्षमा रहेका हरेक मतदाताहरूको सहयोग पाउन योग्य रहेका छन् ।

यी सबै कारणहरूले गर्दा, Vote for Refuge अमेरिकाको राष्ट्रपतिका रूपमा Joe Biden लाई र उपराष्ट्रपतिका रूपमा Kamala Harris लाई समर्थन गर्न पाउँदा गर्व गर्दछ । यस नभेम्बरको राष्ट्रपतीय चुनाव शरणार्थी, आप्रावासी र अश्वेत, आदिवासी र अन्य रंगका व्यक्तिहरू (BIPOC) सहित थुप्रै सीमान्तकृत समुदायहरूका लागि महत्त्वपूर्ण रहेको छ । विस्थापित मानिसहरूका बारेमा चिन्ता गर्ने र अमेरिकाले स्वदेश तथा विदेशमा नैतिक नेतृत्व लियोस भन्ने चाहना राख्ने मतदाताहरूका लागि Biden / Harris को टिकट एक स्पष्ट छनौट हो । शरणार्थीको सुरक्षा भनेको नैतिकता र मान्यतासँग जोडिएको विषय हो । हामी सबै योग्य मतदाताहरूलाई आफ्नो मत हुलाकमार्फत वा व्यक्तिगत रूपमा Biden / Harris टिकटमा हाल्न प्रोत्साहन गर्छौं । दर्ता गर्न र सक्दो चाँडो मतदान अग्रण नबिर्सनुहोस् । मतदानसम्बन्धी स्रोतहरू यहाँ उपलब्ध छन् । शरणार्थीहरूको भविष्य र हाम्रो मुलुकको मूल्य मान्यता खतरामा छ ।

---

[i] S.643 – 1979 को शरणार्थीसम्बन्धी विधेयक. . congress.gov, <https://www.congress.gov/bill/96th-congress/senate-bill/643/cosponsors?searchResultViewType=expanded>.
[ii] Joe Biden, विश्व शरणार्थी दिवसको अवसरमा मेरो बयान. Medium, 06/20/2020. <https://medium.com/@JoeBiden/my-statement-on-world-refugee-day-fddb4abddfd5>.

[iii] आप्रवासीहरुको देशका रूपमा हाम्रा मान्यताहरुलाई सुरक्षित राख्ने Biden को योजना. राष्ट्रपतिका लागि Biden, 2020 <https://joebiden.com/immigration/>.

[iv] Dahila Lithwick, कसरी Biden ले Trump को उग्रराष्ट्रवादी एजेन्डाको विस्थापन गर्ने छन्. The Slate Group, 06/29/2020. <https://slate.com/news-and-politics/2020/06/biden-refugee-plan.html>.

[v] Barack Obama, राष्ट्रपतीय निर्धारण – आर्थिक वर्ष 2017 मा शरणार्थी प्रवेश. The White House, 09/28/2016. <https://obamawhitehouse.archives.gov/the-press-office/2016/09/28/presidential-determination-refugee-admissions-fiscal-year-2017>.
[vi] “U.Sशरणार्थी पुनर्वासको वार्षिक उध्यश्य र प्रवेश गरिएका शरणार्थीहरुको सङ्ख्या, 1980 देखि हालसम्म” The Migration Policy Institute. <https://www.migrationpolicy.org/programs/data-hub/charts/us-annual-refugee-resettlement-ceilings-and-number-refugees-admitted-united>. .
[vii] आप्रवासीहरुको देशका रुपमा हाम्रा मान्यताहरुलाई सुरक्षित राख्ने Biden को योजना. राष्ट्रपतिका लागि Biden, 2020 <https://joebiden.com/immigration/>.
[viii] मुसलमान प्रतिबन्धको समयरेखा ACLU. <https://www.aclu-wa.org/pages/timeline-muslim-ban>.
[ix] Biden ले आफ्नो कार्यकालको पहिलो दिन नै Trump को मुसलमान प्रतिबन्धको अन्त्य गर्ने प्रतिबद्धता गरेका छन्” <https://www.cnbc.com/2020/07/20/biden-pledges-to-end-trumps-muslim-ban-on-his-first-day-in-office.html>.

[x] “हिरासत केन्द्रमा मृत्यु” <https://www.aila.org/infonet/deaths-at-adult-detention-centers>.
[xi] “विसल्ब्लोवरद्वारा चिकित्सकीय लापरवाहीको आरोप, “ICE को हिरासतमा रहेकाहरुको शंकास्पद नसबन्दि” <https://www.npr.org/2020/09/16/913398383/whistleblower-alleges-medical-neglect-questionable-hysterectomies-of-ice-detaine>.

[xii] “न्यायाधीशद्वारा स्थानीय अधिकारीहरूलाई शरणार्थी अस्वीकार गर्न दिने Trump को कार्यकारी आदेश रोक” <https://www.npr.org/2020/01/15/796658527/judge-blocks-trumps-executive-order-allowing-local-officials-to-reject-refugees>.

[xiii] Donald Trump, Twitter, Inc., 10/29/2018. <https://twitter.com/realdonaldtrump/status/1010900865602019329?lang=en>.
[xiv] Joe Biden, विश्व शरणार्थी दिवसको अवसरमा मेरो बयान. Medium, 06/20/2020. <https://medium.com/@JoeBiden/my-statement-on-world-refugee-day-fddb4abddfd5>.
[xv] “Closed Doors.” World Relief and Open Doors. <https://worldrelief.org/content/uploads/2020/07/Closed-Doors-Report_-Final.pdf>.
[xvi] “शरणार्थीसम्बन्धी अन्तिम पत्र PD.” <https://www.leahy.senate.gov/imo/media/doc/11.06.19%20FINAL%20Jud%20Letter%20on%20Refugee%20PD.PDF>.
[xvii] “सिनेटर Kamala Harris द्वारा मध्य पुर्वका सैनिक र शरणार्थी क्याम्पको भ्रमण” <https://abc7.com/politics/sen-kamala-harris-visits-troops-refugee-camp-in-middle-east/1885500/>.

[xviii] Stephen Rodrick, Mike Pence को शरणार्थी समस्या. Rolling Stone, 01/25/2017. <https://www.rollingstone.com/politics/politics-features/mike-pences-refugee-problem-124345/>.
[xix] Voice for Refuge Scorecards: Kamala Harris. <https://www.voiceforrefuge.org/senate-scorecards/kamala-harris/>.
[xx] Jeff Stein, Kamala Harris को आप्रवासी जुवा. Vox Media, 09/01/2017. <https://www.vox.com/policy-and-politics/2017/11/1/16554958/kamala-harris-immigration-california>.
[xxi] House Vote 625 - Approves DREAM Act. Pro Publica, 12/08/2010. <https://projects.propublica.org/represent/votes/111/house/2/625>.
[xxii] “FINAL Jud Letter on Refugee PD.” <https://www.leahy.senate.gov/imo/media/doc/11.06.19%20FINAL%20Jud%20Letter%20on%20Refugee%20PD.PDF>.

[xxiii] Jeff Stein, Kamala Harris को आप्रवासी जुवा. Vox Media, 09/01/2017. <https://www.vox.com/policy-and-politics/2017/11/1/16554958/kamala-harris-immigration-california>.

[xxiv] Harris et al, Harris, Feinstein, र अन्य सहकर्मीद्वारा Trump को यात्रा प्रतिबन्धको तेस्रो वर्ष पुगेको दिन शरणार्थी पुनर्वासको लागि राष्ट्रिय समिति गठनको माग. U.S. Senator Kamala Harris, 01/28/2020. <https://www.harris.senate.gov/news/press-releases/harris-feinstein-colleagues-call-for-a-national-commitment-to-refugee-resettlement-on-third-anniversary-of-trumps-travel-ban>.

[xxv] Stephen Rodrick, Mike Pence को शरणार्थी समस्या. Rolling Stone, 01/25/2017. <https://www.rollingstone.com/politics/politics-features/mike-pences-refugee-problem-124345/>.